# मेल्लेख गाउँपालिकाको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः** मेल्लेख गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, सार्वजनिक पदधारीहरूमा सामुदायिक विद्यालयप्रति विश्वास अभिवृद्धि गर्ने, उत्तरदायित्व अभिवृद्धि गर्ने र सामुदायिक शिक्षालाई सुदृढ बनाउने उद्देश्यले गाउँपालिकामा कार्यरत स्थायी शिक्षक, निजामती कर्मचारी, निर्वाचित तथा मनोनित जनप्रतिनिधि र सार्वजनिक पद धारण गरेका अन्य व्यक्तिहरूका सन्तानलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन प्रोत्साहन गर्ने अभिप्रायले मेल्लेख गाउँपालिकाको शिक्षा ऐन, २०८२ को दफा ४२ बमोजिम यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिकोको नाम "मेल्लेख गाउँपालिकाको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यविधि, २०८३" रहनेछ।
(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषाः

यस कार्यविधिमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।
(ख) "ऐन" भन्नाले मेल्लेख गाउँपालिकाको शिक्षा ऐन, २०८२ सम्झनु पर्दछ।
(ग) "कार्यविधि" भन्नाले यसै कार्यविधिलाई जनाउँछ।
(घ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।
(ङ) "कर्मचारी" भन्नाले गाउँपालिका अन्तर्गत कार्यरत स्थायी शिक्षक तथा निजामती कर्मचारी समेत सम्झनु पर्दछ।
(च) "जनप्रतिनिधि" भन्नाले गाउँसभा, गाउँकार्यपालिका तथा वडा समितिका निर्वाचित वा मनोनित सदस्य सम्झनु पर्दछ।
(छ) "सार्वजनिक पदाधिकारी" भन्नाले प्रचलित कानून अनुसार मेल्लेख गाउँपालिकामा सार्वजनिक पद धारण गरेका व्यक्तिहरू सम्झनु पर्दछ।

(ज) "विद्यालय" भन्नाले मेल्लेख गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालय सम्झनु पर्दछ।

## परिच्छेद-२
## उद्धेश्य र कार्यविधि लागु हुने क्षेत्र

### ३. कार्यविधिका उद्देश्यः

(क) सामुदायिक विद्यालयप्रति विश्वास अभिवृद्धि गर्ने,
(ख) शैक्षिक गुणस्तर सुधार गर्ने,
(ग) निजी विद्यालयप्रतिको निर्भरता घटाउने,
(घ) सार्वजनिक पदधारीहरूको उत्तरदायित्व बढाउने,
(ङ) सबैका लागि समान र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ।

### ४. कार्यविधि लागू हुने क्षेत्रः

(१) यो कार्यविधि मेल्लेख गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयमा लागू हुनेछ।
(२) गाउँपालिका भित्र कार्यरत कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पद धारण गरेका व्यक्ति हरुका सन्तानहरुका लागि विशेष रुपमा लागु हुनेछ।

## परिच्छेद-३
## परिचालन हुने निकाय/संरचना तथा भूमिका

### ५. कार्यविधि कार्यान्वयनका लागि विशेष परिचालन हुने निकाय तथा संरचनाहरुः

(क) गाउँकार्यपालिका, (ख) वडा कार्यालय, (ग) गाउँ शिक्षा समिति, (घ) वडा शिक्षा समिति,
(ङ) शिक्षा शाखा, (च) विद्यालय व्यवस्थापन समिति, (छ) शिक्षक अभिभावक संघ
(ज) प्रधानाध्यापक, (झ) वाल क्लव

### ६. जिम्मेवारी तथा भूमिकाः

**(क) गाउँकार्यपालिकाः**

गाउँपालिकाले विद्यालय सुधारका कार्यक्रमहरू नीति तथा कार्यक्रममार्फत सञ्चालन गर्ने, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक मापदण्ड, कार्यविधि तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रत्येक शैक्षिक सत्र सुरु हुनु अघि शिक्षा शाखा तथा सम्बन्धित निकायमार्फत

अभिमुखीकरण, अभिभावक भेटघाट तथा सचेतना कार्यक्रम सञ्चालन गरी स्थायी शिक्षक, निजामती कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई आफ्ना सन्तान सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहित गर्ने, गाउँपालिका अन्तर्गतका जनप्रतिनिधि र कर्मचारीहरूलाई आफ्ना सन्तान सामुदायिक विद्यालयमा अध्ययन गराउन प्रेरित गर्दै नमूना व्यवहार प्रस्तुत गर्ने वातावरण सिर्जना गर्ने, विद्यालय अनुगमन, मूल्याङ्कन तथा तथ्यांक व्यवस्थापन प्रणालीलाई सुदृढ गरी शैक्षिक गुणस्तरको निरन्तर सुधार सुनिश्चित गर्ने, तथा विद्यालय सुधार, भौतिक पूर्वाधार विकास र शैक्षिक सामग्री व्यवस्थापनका लागि स्थानीय स्रोत, संघ–संस्था र साझेदार निकायहरूसँग समन्वय र परिचालन गरी सामुदायिक विद्यालयलाई आकर्षक, गुणस्तरीय र प्रतिस्पर्धी बनाउने भूमिका निर्वाह गर्नेछ। ।

**(ख) वडा कार्यालयः**

वडा कार्यालयले विद्यालय सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने, प्रत्येक शैक्षिक सत्र सुरु हुनु अघि घरदैलो कार्यक्रम, अभिभावक भेटघाट तथा विशेष अभिमुखीकरण कार्यक्रम मार्फत स्थायी शिक्षक, निजामती कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई आफ्ना सन्तान सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहित गर्ने, वडा जा प्रतिनिधिका सन्तानलाई साम्दायिक विधालयमा भर्ना गरि नमूना व्यवहार प्रस्तुत गर्दै उक्त वर्गलाई सामुदायिक विद्यालयप्रति उत्तरदायी र आकर्षित बनाउनका साथै विद्यालय सुधार तथा सानो–सानो पूर्वाधार विकासका कार्यमा स्थानीय स्रोत तथा संघ–संस्था परिचालन गरी विद्यालयलाई आकर्षक र गुणस्तरीय बनाउने ।

**(ग) गाउँ शिक्षा समितिः**

शिक्षा योजना तथा कार्यान्वयन समन्वय गर्ने, भर्ना, निरन्तरता र पहुँच सुनिश्चितता गर्ने, अनुगमन तथा शैक्षिक गुणस्तर मूल्याङ्कन, समुदाय सहभागिता र प्रोत्साहन कार्यक्रम गर्ने र स्रोत परिचालन, तथ्यांक व्यवस्थापन र नेतृत्व गर्ने ।

**(घ) विद्यालय व्यवस्थापन समितिः**

विद्यालयको शैक्षिक वातावरण सुधार गर्ने, शिक्षक व्यवस्थापन तथा अनुशासन कायम गर्ने र स्थायी शिक्षक, निजामती कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई आफ्ना सन्तान सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहित गर्ने, वडा जा प्रतिनिधिका सन्तानलाई साम्दायिक विधालयमा भर्ना गर्न प्रत्साहन तथा दवाब सृजना गर्ने ।

**(ङ) शिक्षा शाखाः**

नीति, मापदण्ड तथा कार्यविधि तर्जुमा गर्ने, वार्षिक शिक्षा योजना तथा बजेट व्यवस्थापन गर्ने, विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने, शिक्षक व्यवस्थापन र क्षमता विकास गर्ने र शैक्षिक गुणस्तर मापन र मूल्याङ्कन गरि स्थायी शिक्षक, निजामती कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई आफ्ना सन्तान सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहित गर्ने, वडा जनप्रतिनिधिका सन्तानलाई साम्दायिक विधालयमा भर्ना गर्न प्रत्साहन तथा दवाब सृजना गर्ने ।

**(च) शिक्षक अविभावक संघः**

विद्यालय–अभिभावक समन्वय, विद्यार्थी सिकाइ अनुगमन, भर्ना र निरन्तरता अभियान, शैक्षिक गुणस्तर सुधारमा सहकार्य, अनुशासन र सकारात्मक वातावरण निर्माण, स्रोत परिचालन र सहयोग, गुनासो सुनुवाइ र समाधान, प्रोत्साहन तथा प्रेरणा कार्यक्रम पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन र स्थायी शिक्षक, निजामती कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई आफ्ना सन्तान सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहित गर्ने, वडा जा प्रतिनिधिका सन्तानलाई साम्दायिक विधालयमा भर्ना गर्न प्रत्साहन तथा दवाब सृजना गर्ने ।

**(छ) प्रधानाध्यापकः**

दैनिक शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने, विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्ने र स्थायी शिक्षक, निजामती कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई आफ्ना सन्तान सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहित गर्ने, वडा जा प्रतिनिधिका सन्तानलाई साम्दायिक विधालयमा भर्ना गर्न प्रत्साहन तथा दवाब सृजना गर्ने खालका लक्षित कार्यक्रम संचालन गर्ने ।

**(ज) वाल क्लव :**

विद्यार्थी सहभागिता र नेतृत्व विकास, सिकाइ सहयोग र सहकार्य, अनुशासन र सकारात्मक व्यवहार प्रवर्द्धन.  सरसफाइ र स्वास्थ्य सचेतना, बाल अधिकार र सुरक्षा, सह–पाठ्यक्रम गतिविधि सञ्चालन विद्यालय सुधारमा सुझाव, भर्ना र जागरण अभियान, वातावरण संरक्षण र सामाजिक जिम्मेवारी सहितको विधालयको शिक्षकलाई आफ्ना सन्तान सामुदायिक विधालयमा भर्ना गर्न अनुरोध सहित वावाब सृजना गर्ने ।

## परिच्छेद-४
## विधार्थी भर्ना

**७. भर्ना सम्बन्धी व्यवस्थाः**

(१) कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पदाधिकारीका सन्तानलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहित गरिनेछ।
(२) कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पदाधिकारीहरुलाई सार्वजनिक उत्तरदायित्वको बोध गराई आफ्ना सन्तानलाई सामुदायिक विद्यालयमा भर्ना गर्न सकारात्मक दवाब सहित अनुरोध गरिनेछ ।

## परिच्छेद-५
## प्रोत्साहन, गुणस्तर र अनुगमन

८. **प्रोत्साहन, गुणस्तर अभिवृद्धि तथा अनुगमन सम्बन्धी व्यवस्थाः** पालिका स्तरको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न देहाय बमोजिमका कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गरिनेछन्:

**(१) शिक्षक क्षमता विकास तथा पेशागत सहयोग**

- आधुनिक शिक्षण विधि तथा *Child Centered/ICT Based Learning* सम्बन्धी शिक्षक क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- विषयगत कार्यशाला, पाठ अध्याय छलफल तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षक–शिक्षक बीच सहपाठी सिकाइ (*Peer Learning*), सिकाइ साटासाट तथा नमुना कक्षा सञ्चालन गरिनेछ।
- शिक्षकलाई उत्प्रेरित गर्ने तथा सकारात्मक कार्य वातावरण निर्माण गरिनेछ।

**(२) विद्यार्थी सिकाइ उपलब्धि सुधार**

- नियमित *Formative Assessment* तथा सिकाइ उपलब्धि परीक्षण सञ्चालन गरिनेछ।
- परीक्षा नतिजाको विश्लेषण गरी सुधारात्मक कार्यक्रम लागू गरिनेछ।
- अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीको प्रतिभा, नेतृत्व तथा सिर्जनशीलता विकास गरिनेछ।
- नियमित कक्षा सञ्चालन सुनिश्चित गरिनेछ।

(३) **अभिभावक तथा समुदायको सहभागिता**

- सिकाइमा अभिभावकको भूमिका सुदृढ गर्न अभिभावक–विद्यालय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय सुधार तथा गुणस्तर अभिवृद्धिमा समुदायको सहभागिता र सहकार्यलाई प्रोत्साहन गरिनेछ।

(४) **उत्कृष्ट अभ्यास विस्तार तथा प्रोत्साहन**

- विद्यालय तथा शिक्षकका उत्कृष्ट अभ्यासहरूको पहिचान, दस्तावेजीकरण तथा अन्य विद्यालयमा विस्तार गरिनेछ।
- उत्कृष्ट कार्य गर्ने शिक्षक, विद्यार्थी तथा विद्यालयलाई सम्मान, पुरस्कार तथा प्रोत्साहन गरिनेछ।
- उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।
- विद्यालय सुधारमा उत्कृष्ट योगदान पुऱ्याउने शिक्षक तथा अभिभावकलाई सम्मान गरिनेछ।
- उत्कृष्ट विद्यालयलाई पुरस्कार तथा विद्यालय सुधारका लागि अतिरिक्त बजेट उपलब्ध गराउन सकिनेछ।

(५) **सूचना प्रविधि तथा नवप्रवर्तन**

- शिक्षण सिकाइ प्रक्रियामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- डिजिटल सामग्री, प्रविधिमैत्री कक्षा तथा नवप्रवर्तनात्मक अभ्यासलाई विस्तार गरिनेछ।

(६) **अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन**

- तथ्यांकमा आधारित नियमित अनुगमन तथा सुपरिवेक्षण प्रणाली लागू गरिनेछ।
- गाउँपालिकाले विद्यालयहरूको नियमित अनुगमन गर्नेछ।
- प्रत्येक ६/६ महिनामा मूल्यांकन प्रतिवेदन तयार गरिनेछ।
- मूल्यांकनबाट प्राप्त सुझाव तथा निष्कर्ष कार्यान्वयन गरिनेछ।

(७) **नमुना कार्यतालिका तथा समयावधि कार्यक्रम**

- मासिक रूपमा कक्षाकोठा अवलोकन गरिनेछ।
- त्रैमासिक रूपमा शिक्षक तालिम तथा विषयगत कार्यशाला सञ्चालन गरिनेछ।
- अर्धवार्षिक रूपमा सिकाइ उपलब्धि मूल्यांकन गरिनेछ।
- वार्षिक रूपमा समीक्षा, पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

## ९. उत्तरदायित्व, प्रोत्साहन तथा सेवा सुविधा सम्बन्धी व्यवस्थाः

### (१) नैतिक तथा सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था

गाउँपालिकाभित्र कार्यरत शिक्षक, निजामती कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पदाधिकारीहरूले सामुदायिक विद्यालयप्रति अपनत्व, विश्वास तथा उत्तरदायित्व अभिवृद्धि गर्न आफ्ना सन्तानलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन नैतिक प्रतिबद्धता जनाउनु पर्नेछ।

### (२) प्रोत्साहन तथा सुविधा सम्बन्धी व्यवस्था

उक्त प्रतिबद्धता कार्यान्वयन गर्ने शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिलाई गाउँपालिकाले उपलब्ध गराउने विभिन्न प्रोत्साहन, सुविधा, तालिम, अध्ययन अवसर, सम्मान तथा क्षमता विकास कार्यक्रममा प्राथमिकता प्रदान गरिनेछ।

### (३) प्रतिबद्धता कार्यान्वयन नगरेको अवस्थामा लागू हुन सक्ने व्यवस्था

यदि कुनै शिक्षक, कर्मचारी वा जनप्रतिनिधिले उक्त प्रतिबद्धता कार्यान्वयन नगरेको अवस्था देखिएमा, प्रचलित कानूनको अधीनमा रही तथा गैर-अनिवार्य सुविधा र अवसरहरूमा देहाय बमोजिम प्राथमिकता पुनरावलोकन गर्न सकिनेछः

*(क) शिक्षकको हकमा*

- विद्यालय सुधार, तालिम, अध्ययन भ्रमण, पुरस्कार तथा प्रोत्साहन कार्यक्रममा प्राथमिकता सीमित गर्न सकिने,
- कार्यसम्पादन मूल्यांकनमा सामाजिक उत्तरदायित्व सम्बन्धी पक्षलाई समेत आधार मान्न सकिने।

*(ख) निजामती कर्मचारीको हकमा*

- अतिरिक्त सुविधा, प्रोत्साहन, तालिम तथा अवसरहरूमा प्राथमिकता पुनरावलोकन गर्न सकिने,
- गाउँपालिकाबाट उपलब्ध गराइने गैर-अनिवार्य सुविधा तथा विशेष सहुलियतमा सीमितता गर्न सकिने।

*(ग) जनप्रतिनिधिको हकमा*

- विषयगत समिति, उपसमिति तथा प्रतिनिधित्वका अवसरहरूमा प्राथमिकता पुनरावलोकन गर्न सकिने,

- सेवा सुविधा सम्बन्धी निर्णय गर्दा कार्यसम्पादन, सामाजिक उत्तरदायित्व तथा सार्वजनिक प्रतिबद्धतालाई आधार मान्न सकिने।

**(४) बचत रकमको उपयोग**

यस कार्यविधि बमोजिम उपलब्ध गराइने प्रोत्साहन, सुविधा वा कटौती गरिएका गैर-अनिवार्य सुविधाबाट बचत भएको रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरी शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यालय सुधार तथा विद्यार्थी सिकाइ उपलब्धि सुधार कार्यक्रमहरूमा मात्र खर्च गरिनेछ।

**(५) कानूनी तथा प्राकृतिक न्याय सम्बन्धी व्यवस्था**

यस कार्यविधि अन्तर्गत कुनै पनि निर्णय, सुविधा कटौती वा अन्य व्यवस्था लागू गर्दा नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, प्रचलित श्रम कानून, निजामती सेवा सम्बन्धी कानून तथा अन्य सम्बन्धित कानूनहरूको पूर्ण पालना गरिनेछ। साथै, प्राकृतिक न्यायको सिद्धान्त अनुरूप सम्बन्धित पक्षलाई आफ्नो भनाइ राख्ने तथा सुनुवाइको उचित अवसर प्रदान गरिनेछ।

## परिच्छेद-६

## अनुगमन तथा सुपरिवेक्षण र अधिकार क्षेत्र

**१०. अनुगमन तथा सुपरिवेक्षण समितिः** (१) अनुगमन तथा सुपरिवेक्षणको लागि देहाय बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरिनेछः-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको १ जना | – संयोजक |
| (ख) अंग्रेजी विषय शिक्षक १ जना | – सदस्य |
| (ग) गणित विषय शिक्षक १ जना | – सदस्य |
| (घ) नेपाली विषय शिक्षक १ जना | – सदस्य |
| (ङ) विज्ञान विषय शिक्षक १ जना | – सदस्य |
| (च) सामाजिक विषय शिक्षक १ जना | – सदस्य |

**११. समितिको अधिकार क्षेत्रः**

समितिको देहाय बमोजिमको अधिकार क्षेत्र रहनेछः

१. गाउँ पालिकामा रहेका सम्पूर्ण सामुदायिक विधालयको अनुगमन गर्ने,

२. कार्यपालिकाले गरेका निर्णय गर्ने गराउने,

३. गाउँ शिक्षा समितिले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने,

४. पालिकामा सबै सामुदायिक विधालयको मासिक प्रतिवेदन पठाउन लगाउने,

५. सामुदायिक विधालयको व्यवस्थापन, पठन पाठन तथा शैक्षिक क्रियाकलापको चेक जाँच, शिक्षक हाजिरी चेक जाँच र भौतिक पूर्वाधारको अनुगमन तथा निरीक्षण गर्ने र प्रतिवेदन तयार गरि पालिकामा पेश गर्ने,

६. प्रत्येक महिनाको २ पटक अनिवार्य अनुगमन गर्ने,

७. गाउँ पालिकाको शैक्षिक गुणस्तरको लागि कक्षा ९ देखि १२ सम्मका छात्र छात्राको लागि विभिन्न सिप मुलक कार्यक्रम/तालिम संचालन गर्ने सिफारिस गर्ने,

८. गाउँपालिका भित्रका माध्यामिक तह उत्तीर्ण (मेडिकल बोर्ड) वा छनौट भइ एम.बि.बि.एस. पढ्ने विधार्थीहरुकोलागि छात्रबृति उपलब्ध गराउन सिफारिस गर्ने र जसमा विपन्न, दलित र महिलालाई उच्च प्राथमिकतामा राख्ने, र

९. छात्रबृति प्राप्त विधार्थीले कम्तिमा ३ बर्ष पालिकाको अस्पतालमा रहि सेवा दिनु पर्ने ।

<u>१२. विज्ञ समूहः</u>

३ देखि ५ जना सम्मको एक विज्ञ समुह गठन गरिनेछ जसमा नेपाली, गणित, विज्ञान र अंग्रेजी विषयको विषयगत अनुभवी शिक्षक वा प्रधानाध्यापक, शिक्षा शाखा प्रतिनिधि र विज्ञ व्यक्ति रहनेछन र गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति सो विज्ञ समुहको संयोजक हुनेछ । यो समूहमा अधिकृत तृतीय श्रेणीको पारिश्रमिक पाउने गरि ६/६ महिनाको करार सम्झौता हुने गरि २ जना कार्यरत शिक्षक भन्दा बाहिर बाट विज्ञ सदस्यको नियुक्त गरिनेछन । यसरि गरिने वार्षिक कार्यक्रम करार सम्झौताले गुणस्तरीय शिक्षा अभिबृधिका लागि विषयगत विज्ञ समूह प्रभावकारी रुपमा परिचालन गर्न अत्यन्तै महत्वपूर्ण हुन्छ यसले विधालयको शैक्षिक गुणस्तर सुधार शिक्षकको पेशागत विकास र विधार्थीको सिकाई उपलब्धि बढाउन मद्दत गर्नेछ । विज्ञ समुहलाई देहाय बमोजिमको जिम्मेवारी रहनेछः,

(क) सुपरिवेक्षण, मार्ग दर्शन अनुशासन कायम गर्ने,

(ख) वार्षिक/ अर्ध वार्षिक कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने,

(ग) स्पष्ट लक्ष्य सहित समय तालिका अनुसार नियमित विधालय भ्रमण गर्ने,

(घ) विधालय भ्रमणको क्रममा कक्षा अवलोकन, शिक्षकसँग अन्तरक्रिया र विधार्थीको सिकाई स्तर मुल्यांकन गर्ने,

(ङ) कमजोरी पहिचान गरेर समाधान सुझाउने प्रतिवेदन शिक्षा शाखा मार्फत कार्यपालिकालाई दिने।

## परिच्छेद-७
## <u>अभिलेख तथा प्रतिवेदन</u>

<u>१३. अभिलेख तथा प्रतिवेदनः</u>

(१) प्रत्येक सामूदायिक विद्यालयले वार्षिक प्रतिवेदन पेश गर्दा गाउँपालिकामा कार्यरत स्थायी शिक्षक, निजामती कर्मचारी, निर्वाचित तथा मनोनित जनप्रतिनिधि र सार्वजनिक पद धारण गरेका अन्य व्यक्तिहरूका सन्तानहरु कुन विधालयमा पढि रहेका छन् सो समेत उल्लेख गरि प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) विधालयबाट प्राप्त प्रतिवेदनको आधारमा शिक्षा शाखाले समग्र प्रतिवेदन तयार गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका पेश गर्नु पर्नेछ ।

## परिच्छेद-८
## <u>विविध</u>

<u>१४. विविधः</u> यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

<u>१५. खारेजी र बचाउः</u> यो कार्यविधि प्रारम्भ हुनु भन्दा अगाडी करार कर्मचारी व्यवस्थापन सम्बन्धी भए गरेका काम यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

<u>१६. संशोधनः</u> यस कार्यविधिमा आवश्यक संशोधन गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

<u>१७. बाधा अड्काउ फुकाउः</u> यस कार्यविधिमा उठेका विषयवस्तुका सम्बन्धमा कुनै द्विविधा भएमा वा कार्यान्वयनमा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले व्याख्या वा बाधा अड्काउ फुकाउने निर्णय गर्न सक्नेछ ।

**आज्ञाले,**

**प्रमुख प्रशासकीय अधिकृत**

मितिः २०८३।०१।१४